का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १७, अंक २८६
१७ पुस २०७६, बिहीबार
2 January 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# उद्घाटनमय देश



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस

राष्ट्रिय महोत्सवका रुपमा मनाउन लागिएको नेपाल भ्रमण वर्ष २०२० को देशभर एकसाथ उद्घाटन गरिएको छ। भव्य समारोह बीच राष्ट्रपति विद्यादेवी भण्डारीले भ्रमण वर्ष २०२० अभियानको उद्घाटन गरिन्।

स्वागत मन्तव्य राख्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले यो कार्यक्रमलाई प्रस्थान विन्दुका रुपमा लिएको र आगामी दशक पर्यटन दशकका रुपमा मनाउने तयारीमा सरकार रहेको बताए। उद्घाटन अघि सरकारी निकाय, निजी क्षेत्र, पर्यटनसँग सम्बद्ध सङ्घसंस्था, सामाजिक क्षेत्र, स्वयंसेवी समूह सङ्गठन, सामाजिक सङ्घसंस्थाको ब्यानर र पोसाकसहित मार्चपास गरिएको थियो। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको विशेष प्रस्तुति थियो। नेपालको ख्यातिप्राप्त कलाकारको साङ्गीतिक प्रस्तुति सांस्कृतिक विविधता झल्किने मौलिक प्रस्तुति राखियो।



सातै प्रदेशका मुख्य स्थानमा भ्रमण वर्ष २०२० को शुभारम्भ गरिएको छ। प्रदेश नं १ मा विराटनगरको रङ्गशाला, प्रदेश नं २ मा जानकी मन्दिर परिसर, प्रदेश नं ३ मा चितवनको सौराहा, गण्डकी प्रदेशको लेकसाइट पोखरा, प्रदेश नं ५ को बर्दियाको ठाकूरद्वार, प्रदेश नं ६ को सुर्खेत बुलबुल ताल र सुदूरपश्चिम प्रदेशको धनगढीमा उद्घाटन गरिएको भ्रमण वर्ष सचिवालयले जनाएको छ।

जनवरी ७ तारिख (पुस २२ गते) विदेशस्थित नेपाली दूतावासमा भ्रमण वर्षको उद्घाटन गरिने र दूतावास नभएका मुलुकमा गैरआवासीय नेपालीमार्फत उद्घाटन गरिने जनाइएको छ। सरकारले नेपाल भ्रमण मनाएर उक्त अवधिमा २० लाख विदेशी पर्यटक भित्र्याउनले लक्ष्यसहित प्रवर्द्धनका साथै पूर्वाधार विकासलाई सँगै अघि बढाएको छ। सन् २०१८ मा १२ लाख हाराहारीमा विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् १९९८ मा नेपाल भ्रमण वर्ष मनाएर पाँच लाख विदेशी पर्यटक ल्याउने लक्ष्यसहित प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिएको थियो।सन् २०११ लाई नेपाल भ्रमण वर्षका रुपमा मनाएर १० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको थियो। सात वर्षपछि उक्त लक्ष्य सन् २०१७ मा भेटिएको थियो। सन् २०१७ मा १० लाख पर्यटक नेपाल भ्रमण गरेको नेपाल पर्यटन बोर्डको तथ्याङ्क छ।

# प्रधानमन्त्री तहमा संवाद

भारत सरकारले लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्र अतिक्रमण गरी जारी गरेको नक्सा प्रति नेपालमा चर्को विरोध भइरहेको छ। तर, दुई पक्षीय बीच ठोस् सम्वाद नभइरहेका बेला बुधबार बिहान प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच टेलिफोन सम्वाद भएको छ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस

लिम्पियाधुरा-लिपुलेक-कालापानी अतिक्रमण गरी भारतले राजनीतिक नक्सा सार्वजनिक गरे पछि पहिलो पटक प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच टेलिफोन बार्ता भएको छ। दुई देश बीच सचिव स्तरमा वार्ता गर्ने तयारी भइरहँदा अंग्रेजी नयाँ वर्षको अवसर पारेर प्रधामन्त्री तहमा सम्वाद भएको छ।



फाइल तस्विर

टेलिफोन वार्तामा शुभकामना आदान-प्रदानसँगै सन् २०२० दुई देश बीचको सम्बन्ध नयाँ उचाइमा लैजानेबारे कुराकानी भएको बताइएको छ। दुई प्रधानमन्त्रीबीच भएको टेलिफोन संवादमा दुई देश बीचका बाँकी समस्या समाधान गर्दै सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन सन् २०२० सफल रहने विश्वास व्यक्त गरेको प्रधानमन्त्री ओलीका प्रेस सल्लाहकार सूर्य थापाले बताए।

नेपालको लिपुलेकलाई भारतले आफ्नो नक्शामा समावेश गरेको सार्वजनिक भएपछि दुई देशबीच पछिल्लो समय सीमा विवादबारे कूटनीतिक माध्यमबाट सम्पर्क हुँदै आएकामा प्रधानमन्त्री तहमा संवाद भएको हो। प्रधानमन्त्री ओलीले बुधबार बिहान १०:३० ले टेलिफोन संवाद भएको थियो।

वार्ताका क्रममा नयाँ वर्ष २०२० को शुभकामना आदानप्रदान भएको र त्यस क्रममा प्रधानमन्त्री ओलीले आफ्नो स्वास्थ्य स्थितिप्रति राखिएको चासो र शुभेच्छाका लागि भारतीय प्रधानमन्त्री मोदीलाई धन्यवाद दिएका थिए।

टेलिफोन संवादका क्रममा दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन सन् २०१९ सफल रहेको र बाँकी समस्या पनि समाधान गर्दै सम्बन्धलाई अझै उचाइमा पुऱ्याउन सन् २०२० सफल रहने विश्वास व्यक्त गरिएको छ। बाँकी पृष्ठ २ मा

## अदालतले माग्यो सुगौली सन्धिकालीन नक्सा

**काठमाडौं/मस–** सर्वोच्च अदालतले सुगौली सन्धि हुँदा प्रयोग भएको नेपालको आधिकारिक नक्साको प्रतिलिपिसहित पन्ध्र दिनभित्र लिखित जवाफ पेश गर्न आदेश जारी गरेको छ। न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले सोमबार जारी गरेको आदेशमा सो लिखित जवाफ माग गरेको हो। आदेशमा भनिएको छ, “सरकारको कुनै निकायमा नेपालको आधिकारिक नक्सा भए त्यसको प्रमाणित प्रतिलिपि तथा सो नक्सा बनाउँदाको इतिहासिक पृष्ठभूमि उल्लेख गर्ने सन् १८१६ को सुगौली सन्धिको अनुसूचीसहितको प्रतिलिपि पेश गर्नु।”

आदेशमा सरकारले सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य हुँदा तथा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्गठनहरुको सदस्य हुँदा सार्वभौम नेपालको अस्तित्व दर्शाउने कुनै सन्धि, नक्सा वा दस्तावेज पेश गरेको भए त्यसको प्रतिलिपिसमेत पेश गर्न आदेश दिएको छ।

आदेशमा राष्ट्रिय योजना आयोग तथा अन्य कुनै निकायमा नेपालको नक्सा सम्बन्धमा कुनै कार्य भएको भए त्यस्ता सामग्री वा नेपालको दार्चुला जिल्लास्थित लिम्पियाधुराको क्षेत्रको प्रश्न समाधान गर्ने अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा उपलब्ध सामग्रीहरु सिंहदरबारबाट झिकाई नियमानुसार पेश गर्नु भनिएको छ। वरिष्ठ अधिवक्ता विश्वप्रकाश भण्डारीले दायर गरेको निवेदनमा सुनुवाइ गर्दै अदालतले सो आदेश जारी गरेको हो। यसअघि अधिवक्ता कञ्चनकृष्ण न्यौपाने र फणीन्द्र नेपालले दायर गरेको रिट निवेदन पनि सँगै राख्ने आदेशमा उल्लेख छ।

# पेल्ने रणनीतिमा देउवा

**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, १६ पुस

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले विराटनगर पुगेर पार्टी विधानअनुसार नै चलिरहेको बताएका छन्। विमानस्थलमा पत्रकारहरुले सोधेको प्रश्नमा सभापति देउवाले सहमतिकै प्रयास गर्दा तीन वर्षसम्म विभाग समेत गठन हुन नसकेको बताए।

केन्द्रीय समितिको बहुमतबाट महाधिवेशनको मिति तय गरेपछि बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको तीव्र आलोचना खेपिरहेका सभापति देउवाले सहमतिकै आधारमा पार्टी चल्ने प्रतिबद्धता समेत गरे। पार्टीलाई बलियो र सुदृढ बनाउन विधानअनुसार, चल्नुपर्ने समेत बताए। पार्टीको आन्तरिक प्रकरण बाहेक सभापति देउवाले राष्ट्रिय राजनीतिबारे समेत आफ्नो अडान लिएका थिए। सभापति देउवाले उपसभामुख काँग्रेसले पाउनुपर्ने बताएका थिए।

तर, काठमाडौं फर्किए पछि भने सभापति देउवाले आफ्नै निवासमा पदाधिकारी बैठक बोलाए। पदाधिकारी बैठकमा फेरि पनि नेता पौडेल गएनन। “पार्टी कार्यालय सानेपामा नगएका नेता पौडेल आफ्नै निवासमा आउने कुराको हेक्का सभापतिलाई नहुने कुरै भएन”, पौडेल निकट एक नेताले भने, बाँकी पृष्ठ २ मा

## विभागले शुरु गऱ्यो सूचना व्यवस्थापन प्रणाली
# सफलता नियोग र बीमा कम्पनीको हातमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ पुस

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई दिइने श्रम स्वीकृतिको कामलाई सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत दिन शुरु गरेको औपचारिक रुपमा घोषणा गरेको छ। यस विषयमा लामो समयदेखि तयारी गरेको विभागले अंग्रेजी नयाँ वर्ष सन् २०२०को पहिलो दिन बुधबारबाट नै श्रम स्वीकृतिका लागि पेश भएका फाईलमा पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान गरी म्यानपावर कम्पनीलाई अनलाईन प्रक्रियाबाट श्रम स्वीकृतिको निस्सा (स्टिकर) दिइएको बताएको छ।

मागपत्र, करारपत्र लगायतका कागजी प्रक्रियालाई सरलीकृत गर्ने र श्रम स्वीकृतिको प्रक्रियामा सकेसम्म म्यानपावर कम्पनीका श्रम प्रतिनिधि तथा विभागका कर्मचारीहरुलाई प्रत्यक्ष भेटघाट नगराउने उद्देश्य सहित विभागले २०७५ असोज १५ गतेदखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीलाई औपचारिक शुरुवात गरेको हो।

विभागले ह्याण्डिल गर्ने यस प्रणालीमा मुख्य गरी वैदेशिक रोजगारीमा जाने कामदार, बीमा कम्पनीहरु, राहदानी विभाग, अध्यागमन विभाग, वैदेशिक रोजगार बोर्ड, विदेशस्थित नेपाली कूटनीतिक नियोग, बैंक, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार व्यवसायी संघ, तालिम प्रदायक संस्था, मेडिकल तथा श्रम रोजगार कार्यालय गरी एक दर्जन बढी संस्थालाई आबद्ध गरिएको छ।

यस मध्ये विभागले विदेशस्थित नेपाली नियोग र बीमा कम्पनीबाट पर्याप्त सहयोग नहुने हो कि भन्ने आशंका गरेको छ। आशंकाको कारण हो, विभागले पटक पटक पत्राचार गर्दा समेत विभागले उपलब्ध गराएको यूजर आइडी र पासवर्ड लिन तदारुकता नदेखाउनु। विभागका अधिकृत मातृका सापकोटाले विदेशस्थित प्रायःजसो कूटनीतिक नियोगलाई बुधबारसम्म तीन पटक पत्राचार गरेका छन्। तर, विदेशस्थित २८ वटा कूटनीतिक नियोग मध्ये आधा दर्जन नियोगले मात्र मागपत्र प्रमाणीकरण गरी पठाउने एटेस्टेसन मोड्युलको युजर आईडी र पासवर्ड लगेका छन्। विभागले बुधबारदेखि एटेस्टेसन मोड्युलबाट नआउने डिमाण्डलाई श्रम स्वीकृतिको प्रक्रियामा सहभागी गराउन छोडेको छ। महानिर्देशक डा. भीष्मकुमार भूसालले यस विषयमा आफुले परराष्ट्र मन्त्रालयसँग निरन्तर समन्वय गर्ने बाँकी पृष्ठ २ मा

## विभागले मनायो स्थापना दिवस

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले बुधबार आफ्नो स्थापना दिवस मनाएको छ। वैदेशिक रोजगार ऐन २०६४ मा वैदेशिक रोजगार सम्बन्धी मामला हेर्ने छुट्टै वैदेशिक रोजगार विभागका रुपमा २०६५ पुस १६ गते अलग भई स्थापना भएको थियो।

स्थापना दिवसका अवसरमा विभागका महानिर्देशक डा. भीष्मकुमार बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## भ्रमण वर्ष शुभारम्भमा संघ सहभागी



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेपाल भ्रमण वर्ष २०२०को सरकारी अभियानमा सहभागी भएको छ। नेपाल भ्रमण वर्ष २०२० को उद्घाटनको अवसरमा बुधबार संघका पदाधिकारी, सदस्य तथा व्यवसायीहरु राष्ट्रिय पोशाक दौरा सुरुवाल तथा सारी चोलो सहितको पहिरनमा सजिएर मार्चपासमा सहभागी भए।

संघमा आवद्ध व्यवसायीहरु अध्यक्ष विष्णुप्रसाद गैरेको नेतृत्वमा मार्चपासमा सहभागी भएका थिए। संघको आग्रहमा वैदेशिक रोजगार व्यवसायीहरुले नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई नेपाल भ्रमण वर्ष २०२० बाँकी पृष्ठ २ मा


तु-आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।
PRO (Public Relation Officer) - 5 M/F
+2 Passed 1 Year experience in related field.
International Marketing-5 M/F
Must be Fluent in English. Bachelor's Complete.
4 Years Experience in related field.
DHR Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 Kathmandu, Nepal Tel.: 01-4111889
9851137085, Email : sanjivkunwar69@gmail.com

तु-आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।
Manager - 1 Male/Female
Senior Admin - 1 Male/Female
PRO - 2 Male/Female
Labour Representative - 1 Male/Female
सम्बन्धित कामका ३ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ। कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ।
Mechi International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal
Tel: +977-1-4487000, Mob.: 9822600100
Email: mechioverseas@gmail.com

Turkey मा रोजगार
कम्पनी: PERI INSAN KAYNAKLARI DANISMANLIK HIZMETLERI LTD. STI. शहर: TURKEY
LT. No.: 228863
1. Domestic Worker 0 105 500 ५६,९६०
फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा पुस २३ गते (8 Jan. 2020) मा हुनेछ।
ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल
mobile : 9801030555, 9843276628, 9843790666
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

तु-आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।
Documentation Officer - 3 Female
PRO - 3 M/Female
Marketing Officer - 2 Female
Young Manpower Pvt. Ltd.
(P.Box: 26144, Battisputali-9, Kathamandu
Tel: 4483814, 4483815, 4483816, 4483817
Email:youngmanpower123@gmail.com

आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।
पब्लिक रिलेशन अफिसर : २ महिला/पुरुष
रिसेप्सनिष्ट : १ महिला
+2 Pass
एकाउन्टेन्ट : १ महिला
+2 Pass
शुभ हारती म्यानपावर प्रा.लि.

मार्केटिङ वा पार्टनर चाहियो
एक प्रतिष्ठित मेनपावर कार्यालयका लागि साउदी, कतार, यू.ए.ई., मलेशिया लगायत मुलुकमा मार्केटिङ गर्न सक्ने कर्मचारी वा पार्टनर आवश्यक भएकोले इमान्दार इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला।
सम्पर्क : ९८१०१७७०८३, ९८५१०१४५३८

# पाँच संवैधानिक आयोगका प्रतिवेदन पेश




काठमाडौं/मस- राष्ट्रियसभाको बुधबारको बैठकमा पाँच संवैधानिक आयोगको वार्षिक प्रतिवेदन पेश गरिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट अर्थमन्त्री डा. युवराज खतिवडाले लोकसेवा आयोगको ६० औं वार्षिक प्रतिवेदन २०७५/०७६, थारु आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग र मुस्लिम आयोगको वार्षिक प्रतिवेदन २०७५/०७६ सभामा पेश गरेका हुन् ।

यसैगरी विधायन व्यवस्थापन समितिका सभापति परशुराम मेघी गुरुङका तर्फबाट ठगेन्द्र प्रकाश पुरीले 'राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५' सम्बन्धी समितिको प्रतिवेदन सभामा पेश गरेका छन् ।

दफावार छलफलका लागि यही पुस १४ गते बसेको बैठकले विधायन व्यवस्थापन समितिमा पठाएको थियो । जसमा १४ जना सांसदहरुले १४ दफामा २९ वटा संशोधन दर्ता गराएका थिए । उक्त विधेयक बिना संशोधन समितिबाट पारित भएको थियो ।

यस्तै प्रधानमन्त्रीका तर्फबाट अर्थमन्त्री डा. खतिवडाले पेश गरेका 'नेपाल विशेष सेवा विधेयक, २०७६ माथि विचार गरियोस्' भन्ने प्रस्ताव बहुमतले स्वीकृति भएको छ ।

यस प्रस्तावमाथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसका राधेश्याम अधिकारीले विधेयकले नागरिकको मौलिक हक कुण्ठित पार्नसक्ने भन्दै जनता र नागरिकलाई विश्वास गर्न सरकारलाई आग्रह गरेका छन् । कांग्रेसका अर्का सांसद अनिता देवकोटाले पनि नागरिकको अधिकार सङ्कुचन गर्ने विधेयक आवश्यक नभएको भन्दै फिर्ता लिन सरकारलाई आग्रह गरिन् ।

नेकपा रामनाराण बिडारीले आपाराधिक गतिविधिमा संलग्न हुनेलाई कारवाही गर्न कानून निर्माण गर्दा आपत्ति जनाउन नहुने बताए । 'उक्त विधेकमा स्पष्टसँग लेखिएको छ, नेपाल र नेपालीको अहितमा काम गर्नेलाई कारवाही हुन्छ', उनले भने, 'कानूनविपरीत काम गर्नेलाई कारवाही गर्ने विधेयक ल्याउँदा 'खबरदार' नल्याउ भन्न मिल्छ ?'

सांसद विमला राई पौडेलले थुप्रै राजनीतिक परिवर्तन भएको अवस्थामा २०४२ सालमा बनेको सो कानूनलाई संशोधन गर्न विधेयक ल्याउनु स्वागतयोग्य भएको बताए ।

## 'अनुमानका भरमा आशंका नगर्नुस्'

सांसदले राखेको जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्री खतिवडाले अनुमानको भरमा आशंका नगर्न आग्रह गरेका छन् । उनले अहिलेको सरकार जननिर्वाचित संसद्बाट वर्तमान बनेको भन्दै सरकारले प्रयोग गर्ने कानून पनि लोकतान्त्रिक हुने बताए । यसमा कुनै शंका उपशंका नगर्न आग्रह गरे । 'विधेयकमा भएका प्रावधान लोकतान्त्रिक विधिबाट कार्यान्वयन हुन्छन्, जनप्रतिनिधिले नै बनाएको कानूनलाई अनुमानको भरमा आशंका गर्नुहुँदैन्', सांसदलाई आश्वस्त पार्दै उनले भने । राष्ट्रियसभाको अर्को बैठक यही पुस १७ गते अपराह्न १ बजे बस्नेछ ।

# पत्रकार लेखनवृत्तिका लागि सहमति




काठमाडौं/मस- गैर आवासीय नेपाली संघ, अस्ट्रेलियाको तर्फबाट भिजिट नेपाल २०२० मा सहभागी हुन काठमाडौं आइपुगेको टोलीले नेपालको पर्यटन प्रबर्दनमा क्रियाशील सात जना पत्रकारलाई लेखनवृत्ति प्रदान गर्ने भएको छ । लेखनवृत्ति प्रदान सम्बन्धि सहमतिमा बुधबार नेपाल पत्रकार महासंघ र गैर आवासीय नेपाली संघ अस्ट्रेलियाबीच हस्ताक्षर भएको छ । कार्यक्रलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका उपाध्यक्ष दिलिप थापामगरले लेखनवृत्तिका लागि गैर आवासीय नेपाली संघ अस्ट्रेलियालाई धन्यबाद दिए ।

उनले पत्रकारलाई लेखनवृत्ति छनौट समितिले सिफारिस गरेको योग्य पत्रकारलाई प्रदान गरिने बताए ।

'अस्ट्रेलिया नेपाल गौरवमय यात्रा २०२०' का संयोजक खेम शर्माले नेपाल सरकारले पर्यटन वर्ष मनाइरदा सरकारको उक्त अभियानलाई सफल पार्न पत्रकारका लागि लेखनवृत्तिको सहमति गरिएको बताए ।

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले लेखनवृत्तिका लागि सहमति गर्ने संस्थालाई धन्याबाद व्यक्त गर्दै सबै पत्रकारले पत्रकार आचारसंहिता पूर्ण पालना गरेको खण्डमा पत्रकारमाथि हुने हिंसामा धेरै कमि आउने बताए ।

नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टले नेपाल भ्रमण वर्ष २०२० लाई प्रवर्द्धन गर्न कलम चलाउने पत्रकारलाई लेखनवृत्ति प्रदान गरिने बताए ।

गैर आवासीय नेपाली संघका पूर्वअध्यक्ष भवन भट्टले गैर आवासीय नेपाली संघले देश निमार्णमा विगत देखिनै योगदान गर्दै आएका भन्दै पत्रकारिता क्षेत्रमा पनि सहयोग गरेको बताए ।

उक्त सहमति अनुसार नेपालको पर्यटन सम्बन्धी उत्कृष्ट सामग्री तयार गर्ने सातै प्रदेशका सात जना पत्रकारलाइ जनही ५० हजारका दरले लेखनवृत्ति प्रदान गरिने छ ।

अंग्रेजी नया वर्षको दिन भएको उक्त सहमति अनुशार नेपाली नया वर्ष आगामी बैशाख १ गते सातै प्रदेशमा कार्यक्रम आयोजना गरी उक्त रकम पुरस्कृत पत्रकारलाई हस्तान्तरण गरिने छ ।

सहमति अनुसार नेपाल पत्रकार महासंघका अध्यक्ष संयोजक रहेको छनौट समितिमा अस्ट्रेलिया नेपाल गौरबमय यात्रा टिमका संयोजक, प्रेस काउन्सिल नेपालका सदस्य, अस्ट्रेलियन नेपलिज जर्नालिस्ट एसोसियसनका प्रतिनिधि र नेपाल पत्रकार महासंघका महासचिब रहनेछन् ।

# स्वयम्भूलाई पर्यटक केन्द्रका रुपमा विकास गरिने



काठमाडौं/मस- काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले स्वयम्भूलाई पर्यटक केन्द्रका रुपमा विकास गर्ने बताएका छन् । नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर बुधबारदेखि शुरु भएको सप्ताहव्यापी स्वयम्भू सांस्कृतिक महोत्सवको शुभारम्भ गर्दै प्रमुख शाक्यले विश्व सम्पदा सूचीमा सूचीकृत स्वयम्भू पर्यटकको आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गरे । 'विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्र र स्वयम्भूको दूरी करिब दुई दशमलव दुई किलोमिटर मात्रै छ', उनले भने, 'यी दुई सम्पदालाई जोड्ने गरी हामीले हनुमानढोकादेखि स्वयम्भूसम्मको पदमार्ग निर्माणका लागि गुरुयोजना तयार पारिसकेका छौं ।'

प्रमुख शाक्यले नेपाल भ्रमण वर्ष २०२० लाई कामपाले वर्षभरि नै मनाउने र नेपाल घुम्न आएका पर्यटकको बसाई लम्ब्याउन नयाँ-नयाँ योजना ल्याउने पनि बताए । यसैगरी घुम्न आउने पर्यटकलाई मुस्कानसहितको सेवा प्रदान गर्ने र नेपाल चिनाउने केही उपहार दिएर पठाउनेलगायतका योजना पनि शुरु गरिएको प्रवक्ता ईश्वरमान डङ्गोलले जनाए ।

सङ्घीय सांसद जीवनराम श्रेष्ठले पनि मूर्त-अमूर्त सम्पदा संरक्षणका लागि कामपाले सकारात्मक पहल गरिरहेको धारणा राखे ।

## प्रधानमन्त्री...

प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणका लागि पुनःआग्रह गरेका छन् ।

तर, समकक्षी मोदीसँग प्रधानमन्त्री ओलीले गरेको टेलिफोन सम्वादलाई महत्वका साथ हेरिएको छ। नोभेम्बर २ मा भारतले कश्मीर समेटेर सार्वजनिक गरेको नक्सामा नेपालको भूभाग अतिक्रमण गरिएपछि प्रधानमन्त्री मोदीसँग सम्वाद गर्न प्रधानमन्त्रीलाई दबाव बढेको थियो । संसदीय समिति, राजनीतिक दलहरु र नागरिक समाजबाट समेत प्रधानमन्त्री ओलीलाई उच्च स्तरीय सम्वाद गर्न दबाव बढेको थियो । प्रधानमन्त्री ओलीले नयाँ अंग्रेजी वर्षका अवसरमा टेलिफोन सम्वाद भए पनि अतिक्रमित भूमिबारे भने केही भए नभएको खुलाइएको छैन ।

## पेल्ने ...

"सभापति देउवा पेलेर जाने नीतिमा हुनुहुन्छ ।"

हुन पनि सभापति देउवाले २०७७ फागुनमा महाधिवेशन तोक्ने निर्णय बरिष्ठ नेता पौडेलकै बहिष्कारकै बाबजुत गरेका थिए । यो निर्णय सच्याउन नेता पौडेल र सिटौलाले आग्रह गरिरहेका बेला सभापतिले बिहीबार केन्द्रीय कार्य समितिको बैठक बोलाएका छन् । उक्त बैठकको तयारी गर्न भन्दै देउवाले आफ्नै निवास बुढानिलकण्ठमा केन्द्रीय समिति बैठक बोलाए । बिहीबारको बैठक समेत बहिष्कार गर्ने पौडेल समूहले चेतावनी दिइरहेका बेला आफ्नै निवासमा पदाधिकारी बैठक बोलाएर सभापति देउवाले पेलेर जाने संकेत दिए ।

यस अगाडि समेत सभापति देउवाले पौडेल समूहलाई पेलेरै अगाडि बढेका थिए । महाधिवेशनको मिति तोक्नेसँगै विभाग बढाउने, पदाधिकारी मनोनयन देखि विधान संशोधन समेत सभापति देउवाले बहुमतबाट पारित गराएका छन् ।

विधिमा चलेन पार्टी

काँग्रेसका नेता प्रकाशमान सिंहले पार्टी विधि र विधानअनुसार चलन नसकेको बताएका छन् । बिपी कोइराला स्मृति ट्रष्टले ४४औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उनले वर्तमान पार्टी नेतृत्व विधि विधान अनुसार चल्न नसकेको आरोप लगाए ।

नेता सिंहले अलोकतान्त्रिक तवरले हिँडेको पार्टी नेतृत्वलाई विधि, विधान, पद्दति र अनुशासनमा हिँडाउनका लागि आफूहरु लागि परेको बताए । "पार्टीले बिपी कोइरालाले देखाएको बाटो बिराउँदै गइरहेको छ, पार्टी दुर्घटना हुनबाट जोगाउन सबै एकजुट हुनुपर्छ", उनले भने । पार्टीका नेता एवं पूर्वमन्त्री डा रामशरण महतले पार्टी अहिले दुर्भाग्यपूर्ण मोडमा आएको बताए ।

## विभागले ...

बताए ।

वैदेशिक रोजगार व्यवसायीहरुले प्रणाली लागू भएपनि श्रम स्वीकृतिका अवस्थामा ताहाचलका कर्मचारीहरुले विगतमा जस्तै भिसा तथा करारपत्रमा उल्लेखित पदमा एकरुपता नभएको भन्दै 'बहाना बनाई' अनुचित शुभलाभ विना श्रम स्वीकृति नदिने गुनासो गरिरहेका छन् । खासगरी ग्रुप अफ कम्पनी अन्तर्गत, केही अन्य पेशामा आउने डिमाण्ड र भिसामा एकरुपता नहुने हुँदा श्रम स्वीकृतिमा समस्या रहेको र केही कर्मचारीले त्यसैलाई कमाउने साधन बनाएको बताउँदै आएका छन् ।

महानिर्देशक डा. भूसालले उक्त प्रणाली लागू भएपछि श्रम स्वीकृतिको नक्कली स्टिकर बनाई ठगी गर्ने र कागजातको बाध्यता देखाएर रकम असुल्नेहरुलाई समेत नियन्त्रण गर्ने भएकाले व्यवसायीहरु सुरक्षित रहेको बताए । विभागले बिहीबार देखि नै यस सूचना प्रणालीका विषयमा व्यवसायीहरुलाई तालिम दिने तयारी गरेको छ । तर संघले अंग्रेजी नयाँ वर्षको अवसरमा धेरै व्यवसायीहरु राजधानी बाहिर रहेको भन्दै तालिम एक-दुई दिन पछि शुरु गर्ने तयारी गरिरहेको छ ।

लागू भएको प्रणालीबाट विदेशबाट आउने डिमाण्ड मध्ये कुन देशबाट कुन-कुन कामका लागि कति डिमाण्ड आएको छ, को-को कामदारले कुन-कुन देशको कुन पेशामा आवेदन दिए ? उनीहरु मध्ये कति अन्तर्वार्तामा सामेल भए ? ती मध्ये कतिजना छनोट भए भन्ने विवरण जो कसैले हेर्न सक्ने विभागको भनाइ छ ।

विभागले रोजगारदाताले पठाउने गरेको डिमाण्डभन्दा बढीमा २५ प्रतिशत बढी कामदार छनोट गर्न पाउने छन् । कामदारको प्रकाशित सूचीको क्रम अनुसार विदेश पठाउनुपर्ने छ । त्यस्तो कामदार वैदेशिक रोजगारीमा जान नचाहेमा विभागले इमेल मार्फत उक्त कामदारको सहमति लिएर प्रणालीबाट त्यस्तो कामदारको नाम हटाइदिने बताएको छ । व्यवसायीहरुले व्यवहारमा त्यस्तो व्यवस्था कार्यान्वयन गर्न नसकिने भन्दै त्यसमा व्यवसायीहरुलाई समस्या पर्ने बताएका छन् । उक्त प्रणाली अन्तर्गत मंगलबारदेखि नै मलेसिया, यूईए, कुवेत, कतार र साउदी अरबस्थित नेपाली दूतावासले समेत प्रमाणीकरण गरेको मागपत्रको फाईल प्रणालीमा राख्न सुरु भएको बताएको छ ।

## भ्रमण...

को लोगो अंकित टोपी र टिसर्ट लगाई पठाउन शुरु गरेका छन् ।

त्यस्तै संघले विदेशस्थित रोजगारदाता कम्पनीमा डिमाण्ड लगायत अन्य प्रयोजनका लागि गर्ने पत्राचारमा भ्रमण वर्ष २०२० को लोगो अनिवार्य प्रयोग गर्न व्यवसायीलाई आग्रह गरेको छ । त्यसैगरी संघले व्यवसायीहरुलाई कम्पनीको कार्यालयमा प्रयोग गरिने लेटरप्याड, भिजिटिङ कार्ड लगायतका अफिसियल सामग्रीमा नेपाल भ्रमण वर्षको लोगो राख्ने व्यवस्था गर्न पनि आग्रह गरेको छ ।

## विभागले ...

भूसालले विभागले आफ्नो गतिविधिबारे प्रकाशित गरेको चौमासिक बुलेटिन सार्वजनिक गरे । विभागले स्थापना दिवसको सन्दर्भ पारेर आधा घण्टाको जनचेतनामूलक लघु चलचित्र 'धनीरामको उड़ान' र ५ मिनेटको जनचेतनामूलक गीत समेत सार्वजनिक गरेको छ ।

# मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंका खरिदारविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले बुधबार खरिदार त्रिलोचना पोखरेलविरूद्ध ८३ हजार रुपैयाँ भ्रष्टाचार गरेको अभियोगमा काठमाडौंस्थित विशेष अदालतमा मुद्दा दायर गरेको हो । उनले कीर्ते दस्तखत गरी मिटिङ माइन्युट, बैठक भत्ता तथा विभिन्न ५ वटा सडकहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पारी स्वीकृत गरेको भन्ने सूचनाका आधारमा अनुसन्धान भएको थियो । सोही अनुसन्धान हुँदा पोखरेलले ८३ हजार रुपैयाँ भ्रष्टाचार गरेको पुष्टि भएको आयोगले जनाएको छ । सो आरोप पुष्टि भएसँगै आयोगले बिगो रकम कायम गरी सजायको माग समेत गरेको छ ।

यसैबीच अख्तियारले नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्ने महेन्द्रनगर नगर विकास समितिका अध्यक्ष विरुद्ध आरोपपत्र दायर गरेको छ । बुधबार आयोगले महेन्द्रनगर नगर विकास समितिका अध्यक्ष सुरेन्द्रबहादुर विष्टविरुद्ध कक्षा १० को नक्कली प्रमाणपत्र बुझाएको भन्दै काठमाडौंस्थित विषेश अदालतमा आरोप पत्र दायर गरेको छ । नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी अध्यक्ष पदमा बहाल रहेको सूचनाका आधारमा आयोगले अनुसन्धान थालेको थियो । अन्सन्धानमा विष्टले भारतको गुरुकुल विश्वविद्यालय, बृन्दावन मथुरा उत्तरप्रदेशबाट माध्यमिक शिक्षा कक्षा १० उत्तिर्ण गरेको झुट्टा र नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेको पाएको हो ।

उनले सो प्रमाणपत्र पेश गरी नगर विकास समितिको अध्यक्ष पदमा बहाल रही लाभ र सुविधा लिएको पुष्टी हुन आएको आयोगको दावी छ । आयोगले उनीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय दिन माग समेत गरेको छ ।

# टोपी दिवस मनाइयो

**काठमाडौं/मस-** नेपाल भ्रमण वर्ष २०२० को पहिलो दिन बुधबार टोपी दिवस मनाइएको छ। सरकारले नेपाल भ्रमण वर्षलाई भव्य रुपमा स्वागत गर्ने तयारी गरिरहेको बेलामा 'भ्रमण वर्षको बहार, नेपाली टोपी उपहार' नारासहित टोपी दिवस मनाइएको हो।

हरेक वर्ष अंग्रेजी नयाँ वर्षका दिन मनाइने नेपाली टोपी दिवस राष्ट्रिय पहिचानको रुपमा लिइन्छ । बुधबार बिहान काठमाडौंको माइतिघर मण्डलामा एक कार्यक्रमकाबीच टोपी दिवस मनाइएको छ । यसैगरी, झापाको पूर्वी नाका काँकडभिट्टा हुँदै नेपाल प्रवेश गर्ने सन् २०२० कै पहिलो पाँच विदेशी पाहुना पनि नेपाल भ्रमण वर्ष २०२० पहिलोदिन नेपाली ढाकाटोपी सहित स्वागत गरिएको हो ।


## भूल सुधार

मिति २०७६/०६/११ गते मध्यान्ह दैनिकमा प्रकाशित यूएईमा रोजगारको अवसर शिर्षक, कम्पनी : Gulf Craft Inc. L.L.C., चलानी नं.: ६०१४४१०९, र LT. No.: 224798 को विज्ञापनमा मासिक तलब Plumber को AED 1500 ने.रु. ४५,९७५, Electrician को AED 1500 ने.रु. ४५,९७५, Furniture Upholsterer को AED 1500 ने.रु. ४५,९७५, Factory Hand को AED 1200 ने.रु. ३६,७८० र Stall And Market Salesperson को AED 1500 ने.रु. ४५,९७५मा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

Gov. Lic No. 1376/074/075
**Pathibhara H.R. Solution Pvt. Ltd.**
Kathmandu Metropoliton City-3, Kathmandu, Tel: 4350200



## सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना

यस सामुदायिक वनबाट उत्पादनभई विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा राखिएको लट नं. १ को साल थान ४० को ४४३.२९ क्युफिट काठ जे जो अवस्थामा छ, सोहीअवस्थामाआफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलामबिक्री समुहबाहिर गर्नु पर्ने भएकोले यो सूचनाप्रकाशितगरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वाकम्प( नीले यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले २१ दिनभित्रसिलबन्दीबोलपत्रदाखिलागर्न आह्वानगरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायीकवनउपभोक्ता समुह**
**त्रि.न.पा ७ र रौतामाई गा.पा ७ उदयपुर**



## हार्दिक श्रद्धाञ्जली

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।



जन्म
बि.सं. १९७५
फागुन १५ गते

स्वर्गारोहण
वि.स. २०७६
पुस ०५ गते

स्व. मधुमाया ओझा

हाम्रा प्रातः स्मरणीय पूज्य **मधुमाया ओझा** को १०१ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै यस दुःखद घडिमा हामी प्रति समवेदना प्रकट गर्नु हुने सम्पूर्ण आफन्तजन, इष्टमित्र र मान्यजनहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**छोरा/बुहारी**
भोजराज ओझा/कल्पना ओझा
पुरुषोत्तम ओझा/चन्दा ओझा
मोहनिधी ओझा/सीता ओझा
प्रभा ओझा
शुरेसराज ओझा/संगिता ओझा

**नातिनी/ज्वाई**
शोभा ओझा तिवारी/सञ्जय तिवारी
सविना ओझा सापकोटा/अरुण सापकोटा
अनिता ओझा पौडेल/युवराज पौडेल
अन्जु ओझा अधिकारी/भरत राज अधिकारी

**नातीर नातिनी बुहारी**
निराजन ओझा/संगिता ओझा
डा. अनिलराज ओझा/चादँनी थपलिया ओझा
डा. अविन ओझा/शशी अधिकारी ओझा
अनुज ओझा/दिप्ता दीक्षित ओझा
सरोज ओझा/संगिता न्यौपाने ओझा
मेल्सम ओझा
अरुण ओझा/सम्झना थापा ओझा

**पनाती/पानातिनी**
समिप तिवारी, सनिप तिवारी, आन्या सापकोटा, आयुशा पौडेल, आयुश पौडेल, साईरा ओझा, सलिना ओझा, सुयशा ओझा, आभ्याश्री ओझा, निरराज ओझा, सान्भी ओझा

तथा
**समस्त ओझा परिवार**



## मलेशियामा रोजगारको अवसर

कम्पनी : MAGNIKLEEN SERVICES SDN.BHD.
शहर: KULAL LUMPUR

पुर्व स्वीकृत मिति: २०७६/०९/१६ | चलानी नं.: ६०१४९४०७ | LT. No.: 230124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 1100 | ३०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २४ गते (9 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

Govt. Lic. No. 799/065/066
**Luna HR Solutions Pvt. Ltd.**
Bhimsengola-34, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



## साउदीमा रोजगार

कम्पनी: AISHAH ABDULLAH MUHAMMED AL MADHI CATERING EST
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/०९/१६ | चलानी नं.: ६०१४९४१० | L.T. No.: 230154

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २४ गते (9 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

Gov. Lic No. 141/055/056
**AL NASEER OVERSEAS PVT. LTD.**
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

# बालबालिकासँग प्रधानमन्त्री

केशर धामी/मध्यान्ह
काठमाडौं, १६ पुस




प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ वर्ष २०२० को शुभारम्भका अवसरमा विभिन्न विद्यालयका विद्यार्थीसँग अन्तरक्रिया गरेका छन् ।

काठमाडौंमा बुधबार ५० वटा विद्यालयका झण्डै एक हजार बढी विद्यार्थीसँग प्रधानमन्त्रीले प्रत्यक्ष अन्तरक्रिया गरेका हुन् ।

नेपाल स्काउटले आयोजना गरेको 'नयाँ वर्ष, नयाँ पाईला, बालबालिकासँग प्रधानमन्त्री' कार्यक्रममा प्रधानमन्त्री ओली र बालबालिकाबीच रोचक सवालजवाफ भएको थियो । त्यसक्रममा बालबालिकाले शुरूमै प्रधानमन्त्रीलाई सोधे,'प्रधानमन्त्री ज्यू, तपाईंले आफ्नो बाल्यकालमा कहिल्यै यो देशको प्रधानमन्त्री बनुँला भनेर सोच्नुभएको थियो ?'

पहिलो प्रश्नमै प्रधानमन्त्री ओली केही सोचमग्न देखिए । केहीबेर सोचेर उनले भने, 'धेरै साधारण लाग्ने धेरै महत्वपूर्ण प्रश्न । जीवन सोचेजस्तै पनि हुन्न तर, नसोचिकन, गन्तव्य निर्धारण नगरीकन, त्यस बाटोमा नलागिकन, सगरमाथातिर चढ्छु भनेर नचढीकन कोही शिखरमा पुग्दैन ।'

'म जन्मेको दुर्गम ठाउँमा, अहिले भन्दा ६८ भन्दा अगाडि, त्यतिबेला कुनै राजमार्ग थिएन । देशमा कुनै विकास थिएन । भर्खर राणाशासन ढलेको थियो । गाउँको एउटा साधारण किसान परिवारको बालकले म देशको प्रधानमन्त्री हुन्छु जस्तो सपना देख्नु, परिकल्पना गर्नु सम्भव कुरा पनि थिएन । मैले बाल्यकालमा भेटेका मान्छेहरुमध्ये मेरा गुरुहरु सबैभन्दा ठूला मान्छे थिए । मलाई पनि गुरुहरु जस्तै पढेलेखेको एउटा मास्टर बन्ने इच्छा थियो । अलि पछाडि मैले मेरा गुरुहरु भन्दा पनि विद्वानहरु भेट्न थालेपछि अलिक विद्वान मान्छे बन्ने रहन लाग्यो ।

मैले समाजमा अनुचित कुराहरु देखें । बेठिक कुराहरु देखें । कतिपय कुराहरु आफैं ठिक ठाउँमा त आउँदैन । ठिकमा फर्काउन हामीले संघर्ष गर्नुपर्ने रहेछ । आवाज उठाउनुपर्ने रहेछ । जनतामा सचेतनता ल्याउनुपर्ने रहेछ । सचेतनतामा आबद्ध जनतालाई एउटा संगठित स्वरुप दिनुपर्ने रहेछ । त्यसलाई परिवर्तनका लागि आन्दोलनमा लानुपर्ने रहेछ भन्ने थाहा पाइएपछि म त्यस काममा लागे । निरङ्कुशतन्त्र र तानाशाही भएका व्यवस्थामा तीनका विरुद्ध लड्दा प्रधानमन्त्री हुन्छु भन्ने सोंचबाट होइन, मर्न परे मर्छु, जे व्यहोर्नुपर्छ व्यहोर्छु । जेल जानुपरे जान्छु भन्ने भावनाका साथ देशमा सामाजिक न्याय, समानता, जनतालाई अधिकारसम्पन्न बनाउने जस्ता उपलब्धी हासिल गर्छु भनेर लागे ।

मेरो उद्देश्य देशमा सकारात्मक परिवर्तन ल्याउने, लोकतन्त्र ल्याउने, निरङ्कुशतन्त्र ढाल्ने थियो । त्यसका निम्ति दुःखकष्ट ब्यहोर्नुपरे व्यहोर्ने, जीवन दिनु परे दिने ।

प्रधानमन्त्री बन्ने कल्पना पनि थिएन । त्यसका लागि लाग्दा गिरफ्तार हुने र जेल जाने गर्नुपर्‍यो । जेलमा भएका बेला अहिले मार्छ कि भरे मार्छ, अहिले मर्छु कि भरे मर्छु, जस्तो स्थितिमा प्रधानमन्त्री हुन्छु भन्ने विपरित सपना देख्नु भनेको मुर्खतापूर्ण कुरा हुन्थयो । व्यवस्था परिवर्तन भएपछि पनि अरुको जान्थ्यो होला तर मेरो ध्यान त्यतापट्टी गएन । तर, पर्दै आउँदाखेरी मैले सासंद, मन्त्री र प्रधानमन्त्री भएर चलाउनु पर्‍यो । पहिलेदेखि योजना बनाएर होइन, परिस्थितीले प्रधानमन्त्री बनें म । प्रधानमन्त्री बनेपछि मैले देश बनाउने मौका पाएको छु । देशको नेतृत्व गर्ने मौका पाएको छु । अहिले प्रधानमन्त्री टिक्छु, टिक्नुपर्छ भनेर होइन, देश बन्नुपर्छ, बनाउनुपर्छ भनेर काम गरिरहेको छु ।'

बालबालिकाले प्रधानमन्त्री ओलीसँग अर्को प्रश्नमा भने, 'हरेक युवाका इच्छाहरु अनेक हुन्छन् । जो युवाहरु प्रधानमन्त्री बन्न खोज्छन् । उनीहरुलाई के सुझाव दिन चाहनुहुन्छ ?'

प्रधानमन्त्री ओलीले यस्तो जवाफ दिए, 'आज परिस्थिति बदलिएको छ । आज जनता सार्वभौमसत्ता सम्पन्न छन् । म तपाईंहरु जस्तो एउटा युवा अवस्थामा प्रवेश गर्दै गरेको बेला देशको अवस्था यस्तो थिएन । जनता सार्वसभौमसत्ता सम्पन्न थिएनन् । परिस्थिति बेग्लै थियो । आज भिन्न परिस्थिति भएकाले आजका युवाहरुले प्रधानमन्त्री हुन्छु भनेर सोच्छ सक्छन् । आफ्ना उद्देश्यहरु कसैले डाक्टर बन्ने, कसैले इन्जिनियर बन्ने हुन्छन् । त्यतिबेला मेरो समयमा, मेरो गाउँमा डाक्टर इन्जिनियर बन्छु भन्ने कुनै अवस्था थिएन । त्यतिबेला न डाक्टरीको पढाई न इन्जिनियरको पढाई हुन्थ्यो । भर्खर-भर्खर स्कुलहरु खुल्न थालेका थिए । अहिलेका युवाहरुले उद्देश्य त लिनुपर्छ तर कोरा ढँगले होइन । महान उद्देश्य लिनुपर्छ। महाकवी लक्ष्मीप्रसाद देवकोटाले भनेजस्तै महान लक्ष्य लिनुपर्छ । ती उद्देश्य लिनका निम्ति के गर्नुपर्छ भन्दा, कुनै पनि सफलताका पछाडि इमान्दार प्रयासको आवश्यकता हुन्छ । राम्रो विद्यार्थी हुनुछ भने राम्ररी पढनुपर्छ । राम्रो खेलाडी बन्न इमान्दारीताका साथ खेल्नुपर्छ । पढ्ने बेला गम्भीर भइएन भने परिणाम राम्रो आउँदैन । लक्ष्य एकातिर र काम एकातिर हुनुहँदैन ।

म हाम्रा युवाहरुलाई के भन्न चाहन्छु भने, जे उद्देश्य राखिन्छ, ठूलो उद्देश्य राख्नुपर्छ । त्यही उद्देश्यतर्फको यात्रा गर्दा इमान्दारीताका साथ गर्नुपर्छ। जुन लक्ष्य राखेपनि त्यसप्रति इमान्दार प्रयास गर्नुपर्छ । सबै ठूल्ठूला काम मानिसहरुले उमेरमै गरेका हुन्छन्। समयलाई घर्किन भन्दा पहिले नै त्यसको सदुपयोग गर्नसक्यो भने कुनै पनि गन्तव्य पार गर्न सकिन्छ ।'

त्यसपछि बालबालिकाले अर्को प्रश्न गरे । 'हामी हरेक मान्छेलाई कहिले कस्ता कहिले कस्ता सपनाले सताउँछन् । प्रधानमन्त्री ज्यू तपाईलाई कहिले यस्ता नराम्रो सपनाहरू आउने गर्छन् ?'

जवाफमा प्रधानमन्त्री ओलीले भने, 'सपना दुई खालका हुन्छन् । एउटा निदाएर आउने सपना, अर्को ननिदाईकन देखिने सपना । जस्तो हामी शहीदका सपना भन्छौं, त्यो निदाएर देखिने सपना होईन । देश विकासका सपना देख्छौं । निदाएर देखिने सपना होईनन् । आफ्ना सन्तानलाई असल र सफल बनाउने सपना निदाएर देखिने सपना होइनन् ।

निदाएपछि आउने सपना साधारण वा विकृत गरी दुई खालका हुन्छन् । कहिलेकाही रक्त सञ्चारसँग, कहिले कहिले मुटुको गतिसँग, मुटुको अवस्थासँग, मुटु थिचियो वा मुटुले रक्तसञ्चार गर्न पाएन भने अथवा मुटुबाट शरीरमा जाने रक्त नलीहरूबाट रगत स्लो भयो वा पर्याप्त भएन भने दिमागमा रगतको कमीले गर्दाखेरी विकृत सपनाहरू देखिन्छन् । जसलाई हामी दुस्वप्न पनि भन्छौं । चेलीले सोधेको सपनाहरू त्यो प्रकृतिका हुन् । निद्रामा मनस्थिति आदी कारणले पनि त्यस्ता सपना देखिन्छन् । तर, म निदाएर देखेका सपनाहरूमा विश्वास गर्दिन र, ती सपनाहरूको अर्थ पनि छैन । म विपनामा हुने सपनाहरू देख्ने गर्छु । जुन सपनाहरू यस धर्तीको सुरक्षित भविष्यका लागि कसरी गर्न सकिन्छ ? यसको वातावरण कसरी जोगाउन सकिन्छ ? हाम्रा नयाँ पुस्ताका नयाँ पीढिका मान्छेहरूलाई अझ सुन्दर वातावरण कसरी बनाउन सकिन्छ ? आउँदो पीढिका लागि सुन्दर भविष्य कसरी बनाउन सकिन्छ ? म त्यसका चित्रहरू बनाइराखेको हुन्छु । त्यसका सपनाहरू देखिराखेको हुन्छु । त्यसका निम्ति खाकाहरू कोरिरहेको हुन्छु, योजनाहरू बनाइराखेको हुन्छु । मेरो सपनाहरू मुलतः ती कुराहरूसँग सम्बन्धित छन् ।

एकजना बालिकाले प्रधानमन्त्रीलाई 'तपाईको प्रेरणाको स्रोत को हो ?' भनेर सोध्दा उनी अलि भावुक भए । उनले भने, मेरी आमा बित्दा ३ वर्षको थिएँ । मेरो मुख्य आदर्श हजुरआमा रहनुभयो । मैले साँचो बोल्ने, सदव्यवहार गर्ने, परोपकारी धारणा राख्ने, मान्छेलाई माया गर्ने कसैप्रति भेदभाव नराख्ने गुणहरु हजुरआमाले सिकाउनुभयो ।

श्रमलाई माया गर्ने, मेहनति हुनुपर्छ भन्ने र हामीले केही राम्रो काम गर्नुपर्छ र अरुको नजरमा नगिर्ने खालको, अरुले नराम्रो नभन्ने खालको काम गर्नुपर्छ भन्ने शिक्षा र प्रेरणा मैले हजुरआमाबाट प्राप्त गरें । मेरो प्रेरणा मेरी हजुरआमा हो । हुन त अरु अभिभावक र शिक्षक शिक्षिकाहरुबाट पनि प्रेरणा पाएँ ।

मैले अहिले जुन भन्ने गर्छु, शक्तिसँग डराउनु हुँदैन,शक्ति आवधिक र अस्थायी हुन्छ, सत्य अस्थायी हुँदैन । सत्यको पालना गर्नुपर्छ त्यो कुरा मैले मेरी हजुरआमाबाट सिकेको थिएँ । मेरो जीवनमा सत्यसँग नलड्ने,शक्तिसँग नझुक्ने आदर्श हजुरआमा हो । मेरो जीवनलाई प्रभावित गर्ने मूल प्रेरणा हजुरआमाबाट प्राप्त गरेको हो ।

त्यसपछि बालबालिकोले फेरि अर्को प्रश्न गरे भने, प्रधानमन्त्रीज्यू, फुर्सदको बेला के गर्नुहुन्छ ?

त्यसको जवाफमा प्रधानमन्त्री ओलीले भने, साधारणतया मलाई फुर्सको समय हुँदैन । मैले फुर्सदको समय जीवनमा थाहा पाएको छैन । मेरो फुर्सदको समय भनेको राति सुत्दाको समय हो । त्यो पनि अबेलासम्म पढ्ने गर्छु । राति अलिक बढी पढ्छु । दिउँसो पनि मैले फुर्सद भयो भने केही किताब, पत्रपत्रिकाबाट जानकारी लिन्छु । अहिले त इन्टरटेनहरु छ । वैज्ञानिक कुराहरु खोज अनुसन्धानका कुराहरु जानकारी लिन खोज्छु ।

# गोकर्ण परिसर तथा मनोहरा खोला सरसफाई




**काठमाडौं/मस-** हरेक महिनाको तेस्रो बुधबार आयोजना गरिँदै आएको 'महिला तथा बालबालिकाको पहल' अभियान अन्तर्गत बुधबार काठमाडौंको गोकर्ण परिसर र मनोहरा खोला सरसफाई गरिएको छ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसेको उपस्थितिमा स्थानीय महिला तथा बालबालिकाको पहलमा गोकर्ण परिसर सरसफाई गरिएको हो ।

सो अवसरमा आफ्नो ठाउँ आफैंले सफा राख्नुपर्ने बताउँदै नगरपालिका प्रमुख चालिसेले सरसफाई कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता जनाए । उनले सामाजिक कार्यमा आ-आफ्नो ठाउँबाट सहयोग गर्न पनि सबैलाई आग्रह गरे ।

निरा गृहणी समाजले संयोजन गरेको सरसफाईमा गोकर्णेश्वरका टोलबासी तथा वडा कार्यालयका सदस्यहरु पनि सहभागि थिए ।

सरसफाई कार्यक्रममा अभियन्ताहरु निरा तिम्सिना, सुस्मिता भट्टराई, टंक पौडेल, विदुर उप्रेती, चन्द्र डंगोल, नारायण गिरी, रामकुमार अधिकारी लगायत मनोहरा खुल्ला अभियन्ता, बागमति, गोदावरी, निलकाँडा अभियन्ताहरुको सक्रिय सहभागिता रहेको थियो । अभियानको शुरुवात सिराहाका घिरेन शाहले गरेका थिए ।

# नक्कली लाइसेन्स बनाउने गिरोह पक्राउ



**काठमाडौं/मस-** काठमाडौंमा पछिल्लो समय नक्कली परिचयपत्र बनाउने गिरोह सक्रिय भएको पाइएको छ ।

बुधबार प्रहरीले नक्कली स्मार्ट सवारी चालक अनुमतिपत्र र सरकारी कार्यालयका कर्मचारीको परिचयपत्र बनाइ बिक्री गरेको अभियोगमा पाँच जनालाई नियन्त्रणमा लिएको छ । महानगरीय अपराध नियन्त्रण महाशाखा र ट्राफिक प्रहरी महाशाखाको संयुक्त टोलीले उनीहरुलाई काठमाडौंको विभिन्न ठाउँबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा सर्लाहीका दीपक ब्लोन, वुद्धिबहादुर रोक्का, काठमाडौं बौद्धका अशोक कार्की, बाराको सिमराका मोहन यादव र काठमाडौंको लाजिम्पाटका कुमार तण्डुकार रहेको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सहकुलबहादुर थापाले जानकारी दिए ।

पुस १५ गते पुतलीसडकबाट दीपक ब्लोनसँग नक्कली स्मार्ट लाइसेन्स फेला पारी सोधपुछ गर्दा उक्त गिरोह संलग्न रहेको खुलेको हो ।

प्रहरीका अनुसार सुवास भन्ने बुद्धिबहादुर रोक्काले न्यूरोडस्थित आफ्नो आशिष स्टुडियोमा डिजाइनिङ गरी काठमाडौंको न्यूरोडस्थित फोटो कन्सर्न प्रालिबाट नक्कली सवारी अनुमतिपत्र निकाल्ने गरेको खुल्न आएको छ । नक्कली लाइसेन्स बनाउन रोक्काले ३० हजार रुपैयाँ लिने गरेको खुलेको छ । रोक्काबाट दीपक ब्लोनको नामको स्मार्ट लाइसेन्स, विभिन्न व्यक्तिको नक्कली सवारी चालक अनुमतिपत्र, नागरिकताका प्रमाणपत्र, भारत सरकारको आधार कार्ड बरामद भएको छ । फोटो कन्सर्न प्रालिले विभिन्न व्यक्तिको सरकारी लिखत डिजाइन गरी बिक्री गर्ने गरेकासमेत प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा लक्ष्मण झाँक्रीको नामको सवारी चालक अनुमतिपत्र, निजकै नामको सशस्त्र प्रहरी जवानको परिचयपत्र, विभिन्न कलेजको परिचयपत्र, प्रिन्टर, हाडड्राईभ सर्वरसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

# पाल्पामा दलितले छोएको पानी बाराबार

**रामपुर/रासस-**पाल्पा जिल्लामा दलितमाथि गरिने छुवाछुत अझै जिबितै रहेको छ । मुलुकमा थुप्रै परिवर्तन आइसक्दापनि त्यहाँका दलितको अवस्थामा खासै परिवर्तन नआएको सरोकारवालाहरु बताउँछन् ।

जिल्लाको बेस नेपालका सञ्जु परियारले गाउँमा पुग्दा अझै पनि कथित उपल्लो जातिका कतिपयको घरमा खाना खादा भाँडा घाममा सुकाएर मात्रै घरभित्र लैजाने र प्रयोगमा ल्याउने चलन कायमै रहेको बताए । नेपालको संविधान २०७२ ले नै दलित र गैरदलितबीचको विभेद गर्न नपाइने उल्लेख गरिएको भए पनि गाउँमा दलितबीच पनि पानी बाराबारको स्थितिमा सुधार आउन सकेको छैन् ।

'कुनै एउटा दलितले भोजमा खाना पकाए, अर्को दलितलाई त्यही खाना नचल्ने प्रवृत्ति गाउँमा छ, कसरी समान छ भनौं ?', दलित समन्वय समिति रामपुरका सल्लाहकार दिलबहादुर कौसीले भने । पहिले पहिले दलित समुदायका नागरिकसंग छोइए मात्रै पनि सुनपानी छर्केर घरभित्र पस्ने र उनीहरुले खाना खाएका भाँडामा आगो पानी राख्ने र माझेर नसुकाउँदासम्म घरभित्र नलैजाने प्रवृत्तिमा सामान्य सुधार आए पनि गाउँघरमा हुने विभेद भने उस्तै रहेको छ ।

'अहिले पनि राजनीतिक र सामाजिक संरचनामा विभेद कायमै छ', समन्वय समिति रामपुरका सचिव सञ्जु परियारले भने । गाउँघरका मठमन्दिरमा पूजा गर्न, समाजका धेरै दलितका भोजमा गैरदलितका नागरिकले सहजै खाना खाने गरेको रामपुर नगरपालिका न्यायिक समितिका सदस्य पार्वती परियारले बताउछिन् । विगतमा भन्दा गाउँघरमा आफूले दलितको निम्ति गरिने विभेद कम भएको महसुस गरेको उनले बताइन् ।

रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले आफूले कार्यालयमा समेत दलित महिलाबाटै बनाएको चिया पिउने गरेको बताए । समाजमा दलित र गैर दलितका बीचमा विभेद गरेको आफूलाई पटक्कै मन नपर्ने भन्दै नगरप्रमुख थापाले कुनै घरमा दलित र गैर दलितका छुट्टाछुट्टै भान्सा भए पनि आफूले दलितको भान्सामा खाना खाने गरेको बतए ।

'समाजमा महिला र पुरुष मात्रै दुई जात हुन्', उनले भने । 'कुनै समयमा कसैले दिएको खानैपर्छ भन्ने होइन', उनले भने 'तर सफा छ, दलित र गैर दलित जसले पकाएको खान पनि मलाई अप्ठ्यारो लाग्दैन ।'

पाल्पामा रामपुर नगरपालिकासहित जिल्लाको यम्घा, भुवनपोखरी, ख्याहा, छहरा क्षेत्रमा दलित समुदायको बाक्लो बस्ती रहेको र ती क्षेत्रमा अझै पनि धारा पधेंरामा छुवाछूतप्रथा कायमै रहको दलित अभियन्ता कृष्ण दर्नालले बताए । पाल्पामा करिब ३५ हजार जनसंख्या दलित समुदायको रहेको छ ।

तालिमको सुवर्ण अवसर


Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाईं सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# भव्यताको सार्थकता

देशभर एकसाथ भव्य कार्यक्रमका साथ नेपाल भ्रमण वर्ष-२०२० घोषणा भएको छ। संघीय सरकारले दशरथ रंगशालामा राष्ट्रपतिको उपस्थितिमा विदेशी पाहुनालाई स्वागत गरी भ्रमण वर्षको उद्घाटन गरिएको छ। चीन, भारत, म्यानमार लगायत मुलुकबाट उद्घाटन समारोहमा मन्त्री नै सहभागी भए भने ३४ देशका प्रतिनिधि उपस्थित थिए। सींगो नेपाल झल्काउने सांस्कृतिक झाँकी सहित रंगशालामा भ्रमण वर्षको स्वागत गरिएको छ।

संघीय सरकारकै जस्तो तामझामका साथ प्रदेश सरकारहरूले पनि भ्रमण वर्षलाई स्वागत गरेका छन् भने जिल्ला र स्थानीय तहमा पनि भ्रमण वर्षलाई स्वागत गरिएको छ। २० लाख पर्यटक भित्र्याउने निकै महत्वाकांक्षी लक्ष्यका साथ सरकारले भ्रमण वर्षलाई प्रचार गरेको छ। कुटनैतिक सम्बन्ध स्थापित भएका देशहरूमा दूतावास मार्फत् प्रचार गरिएको छ। कतिपय देशहरूमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई नै पुगेर भ्रमण वर्षबारे निम्तो दिएका थिए। नेपालले यसअगाडि पनि सन् १९९८ र २०११ मा भ्रमण वर्ष मनाइसकेको छ। तर, दुवै पटक लक्ष्यअनुसार, पर्यटक भित्र्याउन सकेको छैन।

त्यसबेला राजनीतिक अस्थिरताका कारण सरकारी लक्ष्य सफल नभएको निष्कर्ष निकालिएको थियो। यसपटक भने देशमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको स्थीर सरकार छ। त्यसैले कथन लक्ष्य पूरा हुन नसकेमा त्यस्तो दोषबाट पञ्छिने छुट सरकारलाई छैन। राजनीतिक स्थीरता पहिलो सर्त नै हो र राजनीतिक अस्थिरता निम्तन नदिने कार्यभार पनि नेकपा नेतृत्वकै हो।

भ्रमण वर्ष सफल हुनुमा अर्को पक्ष कुटनैतिक सम्बन्धलाई नयाँ उचाई दिने र व्यवस्थित गर्नु हो। २० लाख पर्यटक नेपाल आउनुमा तिनै कुटनैतिक संबन्ध कायम भएका देशहरूको निर्णय र नेपाल आवागमन सहजतामै भर पर्नेछ। नेपाल आउने ती पर्यटकहरूको व्यवस्थापनमा सरकार एक्लैबाट मात्रै संभव नहुन सक्छ। त्यसो हुँदा निजी क्षेत्रसँगको साझेदारीलाई थप बलियो बनाउनु पर्नेछ। तयारीका क्रममा जसरी नै वर्षभर र त्यो भन्दा अगाडि समेत निजी क्षेत्रसँग जोड दिंदा नै पर्यटकीय क्षेत्रको विकास संभव हुनेछ।


सँगै, सुरक्षाको प्रत्याभूति अपरिहार्य छ। असुरक्षाको महशुस भए पर्यटक आउने छैनन्। नेपालको निकट विगतबाट स्थापित नजीर नै त्यही हो। अनि नेपाल आउने पर्यटकहरूलाई हाम्रा पर्यावरणीय र ऐतिहासिक गन्तव्यका अलावा विविधतायुक्त सांस्कृतिक चिनारीलाई प्रोत्साहन महत्वपूर्ण हुनेछ। अतिथिलाई देवतुल्य सम्मान दिनुपर्ने वैदिक संस्कृति नेपालका लागि अनुपम उपहार हो। यसलाई निरन्तरता दिन सके, भ्रमण वर्षको लक्ष्य कठिन छैन। अतिथिलाई सम्मान गरौं, देश घुमौं र देश चिनौं- नेपाल भ्रमण वर्ष-२०२० लाई स्वागतम् !!!

## सामाजिक सञ्जाल



राजनीतिक बेथितिले थिचेको नाकाबन्दीले थलिएको अन्तर्रास्ट्रिय हस्तक्षेप पिल्सिएको भूकम्पले लडेको मेरो देश जुन दिन खुट्टा टेकेर बामे सर्छ। त्यहि दिन मेरा लागि दसैं तिहार ल्होसार छठ होली नयाँ वर्ष उत्सव हुनेछन्।

**-डा एलिया अर्याल**




फौजी पत्रकार, बुर्जुवा पत्रकार, लडाकु पत्रकार, पत्रकारको बटालियन आदि आदिस क्या गजबका वर्गिकरण र उपमाहरू पढ्न पाइन थाले गाँठे अचेल। २०५८ सालदेखि निरन्तर पढेको पत्रकारितामा कहिल्यै पढिएनछ यस्ता वर्गिकरण कि ?

**- सुनिल पौडेल**



हप्ता, महिना र वर्ष....समय त उसै बितिजान्छ। गएका वर्षहरू कस्ता रहे ? त्यही हो नि मनमा खेलिरहने प्रश्न त।

**- जुझारू केटी**



उद्योगमन्त्रीजी इमोसनल इडियट बीच हिरो। चिनिमिलको सम्पत्ती बेचेर किसानको बक्यौता दिलाउने अरे। कुनै मिलको स्टक हसिपोथिकेट र अचल सम्पती बैंक बन्धकिमा नपरेको हुन्छ ?अनी बैंकको कस्टडी को सम्पत्ति सरकारले कसरी बेचबिखन गर्ने रहेछ ? पपुलिज्म का लागि छिनमै कौपिन खुस्कने कुरा नि गर्ने ?

**- ड्रिम ड्वेलर**



मत हालेपछि सबै नागरिक प्रतिपक्षी हुन( नेता र सरकारको निगरानीकर्ता। सरकारले नागरिक आवाज सुन्नैपर्छ, चाहने-नचाहने हैन। अभिव्यक्ति स्वतन्त्रता नैसर्गिक अधिकार हो। नागरिक अधिकार कुण्ठित अधिनायकवादमा मात्र हुन्छ। "सूचना प्रविधि विधेयक" तिम्रो लागि पनि हानिकारक छ, खारेज गर !

**- शंकर तिवारी**

# राष्ट्रिय मेलमिलाप नीति र सामयिकता



■ मनोहर कार्की

> नेपालको राजनीतिक इतिहासमा जनताले लामो समयदेखिको प्रतिक्षा र प्रयास पश्चात लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान २०७२ पाएका छन्। संविधान प्राप्तिका दिशामा नेपाली जनताले विगतको लामो समयदेखि अविरल संर्घष गरी आएका नै हुन।

लोकतन्त्र र लोकसम्मती एकअर्काका परिपूरक हुन्। लोकसम्मतीलाई केन्द्रविन्दुमा राखेर राज्यको शासनविधि सञ्चालन गर्ने कार्यमा राज्य सञ्चालन गर्ने परिपाटीको विकास र अवलम्वन नै वास्तविक अर्थमा विधिको शासनको न्यूनतम आधारभूत मान्यता हो। यस मानेमा हाम्रो शासन प्रणालीलाई शासन सञ्चालकहरुले कत्तिको विधिको शासनमुखी बनाउन सकेका छौं भन्ने कुराले खास महत्व राख्दछ। यसै सन्दर्भमा एक प्रसिद्ध राजनीतिक विश्लेषकले असल शासक त्यही हो जो सबैभन्दा कम शासन गर्दछ भनेका छन्। राजनीतिक क्षेत्रमा असल शासन सञ्चालकले लोकसम्मतिलाई शासनको आधार बनाउने गर्दछन्। यस मानेमा लोकसम्मतिको आधारशीलामा राज्यव्यवस्था सञ्चालन गर्ने उदाहरणीय शासकका रुपमा थोरै व्यक्तिले मात्र आफ्नो भूमिका जनमानसमा प्रस्तुत गर्न सकेका छन्। तिनै व्यक्तिहरुको नाम लिंदा वीपी कोइरालाको नाम आउँछ, जसले शासकभन्दा आम जनताका पथप्रदर्शकका रुपमा जननिर्वाचित सरकारको नेतृत्व गरेको उदाहरण हामीमाझ छ।

नेपालको राजनीतिक इतिहासमा वि. सं. २०३३ साल पुस १६ गतेको ऐतिहासिक दिनले विशेष महत्व राख्दछ। यसै दिन नेपाली राजनीतिकका एक शिखर व्यक्तित्व तथा प्रजातान्त्रिक समाजवादी विचारका प्रणयता जननायक वीपी कोइराला छिमेकी राष्ट्र भारतको आठ वर्ष लामो निर्वासन पश्चात राष्ट्रिय मेलमिलाप तथा एकताको नीति बोध गरी नेपाली जनता र नेपाली माटोको चाहनालाई मूर्त रुप दिने अठोटको पैरवी गर्दै आफ्नै माटो तथा राजनीतिक कर्मभूमि नेपालमा साहसिक निर्णयका साथ पार्टीका अन्य नेता तथा निष्ठावान् कार्यकर्तासहित फर्किनु भयो। त्यतिबेला भारतमा रहेका केही प्रबुद्ध राजनीतिक तथा उनका अनन्य शुभचिन्तकहरुले अहिलेको परिस्थिति वपीका लागि अनुकुल नभएकोले आफ्नो निर्णयमा पुर्नविचार गर्न समेत सुझाएका थिए। तरै पनि वीपी आफ्नो निर्णयमा अडिक रहेर नेपाल फर्किनु भयो।

यस ऐतिहासिक दिनको सम्झना र संस्मरणमा प्रत्येक वर्ष पुस १६ गतेका दिन राष्ट्रिय मेलमिलाप तथा एकता दिवसको रुपमा नेपाली काँग्रेसले देशव्यापीरुपमा मनाउँदै आएको छ। तात्कालिक निरंकुश पञ्चायती शासन व्यवस्थामा दलमाथिको कडा प्रतिबन्ध, राजनीतिक दलका कुनै पनि शान्तिपूर्ण कार्यक्रम तथा भेलामासमेत रोक तथा चरम धरपकडको कठिन अवस्थामा आफूमाथि करिव एक दर्जन जति राजद्रोह तथा राजकाज सम्बन्धि तात्कालिक पञ्चायती शासकको कथित मुद्दाका बाबजुत विषम र असहज परिस्थितिमा पनि निर्भिक, दृढनिश्चयी तथा साहसिक राजनेताका रुपमा वीपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किनु भएको थियो। लोकतन्त्रको प्रबर्धन अनि राजसंस्थाको हितमा पनि आफुले राष्ट्रिय मेलमिलापको नीति लिएर एकताको सन्देश प्रवाह गर्दै स्वदेश फर्किएको विचार राख्नु भएको थियो।

